जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

# धादिङ आवाज

Dhading Voice Weekly

वर्ष १२, अंक १६ २०६७ साउन १६ गते आइतवार Webside : www.dhadingawaj.com.np 1 Aug 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०१०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

## दुर्घटनामा एक बालकको ज्यान गयो

**सिम्ले (धास) ।** पृथ्वीराजमार्गको मुग्लिन-नौविसे सडक खण्डको भुमेस्थान गाविस वडा नम्बर ९ खयरघारीमा बसले मोटरसाइकललाई बिहिबार बिहान ठक्कर दिँदा एक बालकको ज्यान गएको छ भने अर्का एकजना घाइते भएका छन् ।

प्रहरीका अनुसार सुनौलीबाट काटमाण्डौतर्फ आउँदै गरेको लु १ ख ५९९४ नं. को यात्रुबहाक बसले विपरित लिशातर्फ जाँदै गरेको बा ४१ प ५६११ नं. को मोटरसाइकललाई ठक्कर दिँदा सो दुर्घटना भएको हो ।

दुर्घटनामा मोटरसाइकलमा सवार थाक्रे गाविस वडा नम्बर ३ महादेबवेसी निवासी १० वर्षीय शेख अफताव हुसेनको उपचारको क्रममा मृत्यु भएको हो । घाइतेहरुलाई उपचारका लागि काठमाण्डौको बिर अस्पताल लगिएको थियो ।

### धादिङवेसी केहिदिनदेखि तनावग्रस्त

# सदरमुकामा माओवादीद्वारा विरोध कार्यक्रम

**धादिङवेशी (धास) ।** एकिकृत नेकपा माओवादीले शुत्रवार धादिङको सदरमुकाम धादिङवेसीमा विरोध कार्यक्रम सम्पन्न गरेको छ । नेपाली कांग्रेसका कार्यकर्ताले एकिकृत नेकपा माओवादीका नेता तथा कार्यकर्ता माथि श्रृंखलावद्ध आक्रमण गरेको र प्रशासन मौन बसेको भन्दै विरोध कार्यक्रम गरेको बताएको छ ।

सदरमुकाम धादिङवेसीमा मोटरसाईकल ऱ्याली सहित आयोजना गरिएको विरोध कार्यक्रममा एकिकृत नेकपा माओवादीका केन्द्रिय सदस्य, धादिङ जिल्ला ईञ्चार्ज एवं सभाषद पुष्पविक्रम मल्लले माओवादी शान्ती प्रक्रियामा आइसकेको र संविधान बनाउने अभियानमा लागेको बेला नेपाली कांग्रेसले श्रृंखलावद्ध रुपमा आक्रमण गरेको आरोप लगाउनु भयो । माओवादी शान्ती प्रक्रियामा आउनुलाई कमजोर भएको नठान्न पनि उहाँले खाग्रह गर्नुभयो ।

त्यसैगरि अर्का सभाषद कल्पना धमलाले एकिकृत नेकपा माओवादी कानूनको शासन र सहमतीय राजनीतिमा विश्वास गर्ने भएकाले कसैमाथि आक्रमण गर्ने आफ्नो चाहना नभएको बताउँदै अराजक गतिविधि गर्ने र अपराधिलाई कानूनी दायरामा ल्याएर कार्वाहि गर्न प्रशासनसंग माग पनि गर्नुभयो ।

विरोध कार्यक्रममा बोल्ने वक्ताहरुले नेपाली कांगेसका कार्यकर्ताबाट दिनहुँ जसो एमाओवादी कार्यकर्ता माथि आक्रमण गरिरहेको र विहिवार साँझ जिल्ला सह ईञ्चार्ज रामबहादुर भण्डारी, मनराज भण्डारी, द्वारीका सुवेदी लगायतका नेताहरुलाई कुटपिट गरेको आरोप लगाएका थिए ।



यसैबिच सदरमुकाम धादिङवेसी लगायतका होटलहरुमा श्रृखंलावद्ध रुपमा आक्रमण भैरहेको भन्दै शुक्रवार होटल व्यवसायीहरुले विरोध जनाएका छन् । होटलहरुमा भैरहेको आक्रमणको विरोधमा शुक्रवार होटल व्यवसायीहरुले ऱ्याली सहित प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापन पत्र बुझाएका छन् ।

होटलमाथि भैरहेको आक्रमण रोकिनु पर्ने, शान्ती सुरक्षा कायम हुनु

*बाँकि ४ पेजमा*

## धादिङमा उच्च माविको संख्या ४३ पुग्यो

**धादिङ (धास) ।** गाउँ-गाउँमा उच्च माविहरु सञ्चालन भैरहेको बेला र त्रिभुवन विश्व विद्यालयले प्रवियाता प्रमाण-पत्र तह खारेज गरेको बेला जिल्लाको ५ वटा माध्यमिक विद्यालयले यसबर्षबाट उचच माध्यमिक विद्यालयको अनुमती प्राप्त गरेका छन् ।

यसवर्ष अनुमति प्राप्त गर्ने विद्यालयहरुमा किरान्चोक माध्यमिक विद्यालय, सांकोष माध्यमिक विद्यालय, कार्किगाँउ माध्यमिक विद्यालय, मुक्रापदेवि माध्यमिक विद्यालय र महालक्ष्मी माध्यमिक विद्यालय रहेका छन् । यी समेत गरी धादिङ जिल्लामा अब उच्च माध्यमिक विद्यालयको संख्या ४३ पुगेको छ ।

उच्च माध्यमिक शिक्षा परिषद सानोठिमीले यस वर्ष यी पाँचवटा विद्यालयहरुलाई उच्च माविको सम्वन्धन प्रदान गरेपछि धादिङमा उच्च माविको संख्या ४३ पुगेको हो ।

यसैगरि यसै वर्षवाट उच्च माध्यमिक तहको पढाई संचालनका लागि जिल्लाको कार्किगाउं माध्यमिक विद्यालय सल्यानकोट, महेन्द्रोदय माध्यमिक विद्यालय मुलपानी, महेन्द्र माध्यमिक विद्यालय सांखु र कर्णेश्वर माध्यमिक विद्यालय सुनौवजारले उच्च माध्यमिक शिक्षा परिषदमा अनुमतीका लागि आवेदन पेश गरेका छन् । यसै गरी महाकालेश्वरी माध्यमिक विद्यालय थांक्रे, दशरथचन्द माध्यमिक विद्यालय छत्रेदेउराली र जनकल्याण माध्यमिक विद्यालय वैरनीले पनि यस वर्षबाट उच्च माध्यमिक तहको पढाई संचालनका लागि उच्च माध्यमिक शिक्षा परिषदमा अनुमतीका लागि आवेदन पेश गरेका छन् ।

आवेदन पेश गरेका विद्यालयहरुको भौतिक तथा जनशक्ति पुर्वाधार अध्ययनको प्रकृया पुरा गरि सम्वन्धन दिने काम भईरहेको उच्च मावि शिक्षा परिषदले जनाएको छ ।

## ग्रमिण सडक अवरुद्ध हुदाँ दैनिक उपभोग्य सामाग्रीको अभाव

**राजाराम शर्मा (धास) ।** वर्षयामा सुरु भए लगतै धादिङका अधिकांश गाउँ विकास समितिहरुमा ग्रमिण सडकहरु अवरुद्ध हुदाँ दैनिक उपभोग्य सामाग्रीको अभाव देखिन थालेको छ ।

जिल्लाका प्रत्येक गाउँ विकास समितिहरुमा कृषि तथा कच्चि सडकहरु पुगे पनि अहिले अधिकांश सडकहरु भलबाढि तथा पहिरोले गर्दा अवरुद्ध भएपछि समस्या आएको हो । जिल्लाको अधिकांश बजेट खर्च गरेर निर्माण गरीएपनि वर्षायाममा डोजर प्रयोग गरेर सडक निर्माण गरिंदा र सडक निर्माण पश्चात सम्बन्धित पक्षले चासो नदिदा यस्तो अवस्था सिर्जना भएको स्थानियबासीको गुनासो रहेको छ ।

सदरमुकाम धादिङबेसीदेखि गोरखासममको अति व्यस्त ग्रमिण सडक केहिदिन देखि अबरुद्ध हुदाँ आधा दर्जन भन्दा बढि गाविसहरुमा अहिले दैनिक उपभोग्य समाग्रिको समेत अभाव सिर्जना भएको छ । सल्यानटार, सुनौलाबजार, सांकोष, कटुञ्जे, मार्पाक, मैदी, धुवाकोट, महादेवस्थान, गोगनपानी, केवलपुर, जीवनपुर, किराञ्चोक, धुषा, सलाङ लगायतका विभिन्न स्थानहरुमा गएका साना ठुला पहिरोले बाटो अवरुद्ध भएको हो ।

सडक अबरुद्ध हुदाँ सडक सम्पर्क अहिले सदरमुकाम धादिङबेसी बजार र पृथ्वी राजमार्गका मुख्य बजारबाट टुटेको छ । सडक अबरुद्ध हुदाँ अहिले ती गाविसहरुमा औषधि देखि खाद्यान्नको अभाव सृजना भएको छ । वर्षायाम नसकिएसम्म र थप बजेटको व्यवस्था गरेर सडक संचालनमा आउन नसके ति स्थानहरुमा समस्या विकराल बन्न सक्ने मैदीका औषधि व्यवसायि सुजन श्रेष्ठ बताउनुहुन्छ ।

## अन्तराष्ट्रिय अपराधी शोभराजलाई जन्मकैद

**धादिङ(धास) ।** सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय अपराधीका रुपमा चिनिएका चार्ल्स शोभराजलाई सर्वस्व हरणसहित जन्मकैदको फैसला गरेको छ ।

सर्वोच्च अदालतले आज अन्तिम फैसला सुनाउँदै चार्ल्स शोभराजमाथि लागेको मुद्दामा उनलाई दोषी प्रमाणित गरेको हो । न्यायाधीशहरु रामकुमार प्रसाद शाह र गौरी ढकालको इजलासले उहालाई जन्मकैदको सजायँ सुनाएको हो । यसअघि पाटन पुनरावेदन अदालतले पनि शोभराजलाई दोषी करार गर्दै जन्मकैदको फैसला गरेको थियो ।

पुनरावेदन अदालतको फैसला अस्वीकार गर्दै उनी सर्वोच्चमा गएका हुन् । ३२ वर्षअघि नेपाल प्रवेश गरेका शोभराजमाथि नेपालभित्र र बाहिर गरी २० भन्दा बढि हत्या र जाली पासपोर्ट प्रयोगको अभियोग लागेको छ । शोभराजमाथि २०३२ सालमा साँगा र कोटेश्वरमा छुट्टाछुट्टै हत्या गरेको अभियोगमा मुद्दा चलाइएको थियो ।

सर्वोच्चले जन्मकैदको फैसला सुनाएपछि अभियुक्त चार्ल्स शोभराजका पत्नि निहिता विश्वासले आर्थिक प्रलोभनमा परेर अदातलले फैसला गरेको आरोप लगाउनुभएको छ । शोभराज पत्नि निहिताले मुद्दाको पुनर्विचार गर्नका लागि अन्तर्राष्ट्रिय अदालतमा जाने बताउनुभएको छ । शोभराजका तर्फबाट मुद्दाको वहसमा सहभागी कानुन व्यवसायी रमेशप्रसाद कोइरालाले भने सर्वोच्चको फैसला सही निर्णय भएको बताउनुभयो ।

यसैगरी शोभराजकै तर्फबाट मुद्दा लड्नुभएका शकुन्तला थापाले सर्वोच्चले गलत फैसला गरेको आरोप लगाउनुभयो । अन्तिम फैसला सुनाइरहँदा अभियुक्त शोभराजलाई भने अदालतमा उपस्थित गराइएको थिएन ।

## गैर सरकारी संस्था दर्ता

**धादिङ(धास) ।** स्थानीय जन चाहना पूरा गर्न, नागरिकमा सूचनाको हक सुनिश्चितता गर्न र समग्र आर्थिक विकासका क्रियाकलापमा सरिक हुने उद्देश्यले राजमार्ग सामुदायिक सञ्चार केन्द्र नामक गैर सरकारी संस्था दर्ता भएको छ । नौविसे गाविसको वडा नम्बर १ मा कार्यालय रहने गरि स्थापना गरिएको सञ्चार केन्द्रले समुदाय तहमा सञ्चार सम्बन्धी रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने बताइएको छ ।

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङ : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

# बौद्धिक जमात र राजनैतिक गतिरोध

मुलुक संक्रमणकालको गम्भीर मोडमा रहेको भन्ने कुराको दरिलो प्रमाण मुलुकमा १ महिना भन्दा पनि लामो समय कामचलाउ सरकार विद्यमान रहनुले पुष्टि गर्दछ ।

मुलुकको कार्यकारी प्रमुख छनौट गर्ने सवालमा देखिएका गतिरोधलाई गम्भीर भएर विष्लेषण गर्ने हो भने यसका लागी प्रमुख दोषी माओवादी लगायत उसको बोलीमा लोली मिलाएर माधव कुमार नेपाललाई राजिनामा दिन बाध्य तुल्याउनेहरुको जमातहरु नै हुन भन्न सकिन्छ ।राष्ट्रिय सहमतिका लागी माधव कुमार नेपाल बाधक रहेकोले उनले राजिनामा दिएको खण्डमा चामत्कारिक रुपमा राष्ट्रिय सहमतिका लागी बातावरण बन्छ भनेर ठोकुवा गर्नेहरु यतिखेर सम्भवत ओठ मुख तथा तालु सुकाएर बसेका हुन पर्छ वा राष्ट्रिय सहमति नहुनुमा अन्य कारणहरु प्रश्तुत गरेर जनतालाई फेरी दिग्भ्रमित गर्ने दुस्साहस गर्दै होलान् ।राष्ट्रिय सहमतिका लागी ठूलै कसरत तथा वकालत गर्नेहरु सरकार विहिनताको यो अवस्थामा छेपारोको झैं रंग बदलेर बहुमतीय भएपनि सरकार बन्नु पर्छ भनिरहँदा मुलुकले कसरी निकास पाउँछ भन्नेमा भने दुविधाग्रस्त नै रहेको देखिन्छ। संविधानको धारामा रहेको बहुमतीय प्रणालीबाट सरकार निर्माण गर्न सकिने प्रवधानलाई निलम्बन गरेर वा खारेज गरेर मात्र राष्ट्रिय सहमतिको सरकार निर्माण गर्न सकिन्छ भनेर ठोकुवा गर्ने देव गुरुङहरु यतिखेर भने आफ्नै नेतृत्वमा बहुमतीय सरकार निर्माणका लागी कमल थापाको दैलोको नाप्ने देखि लिएर मधेशवादी दलहरको अगाडी लम्पसार गर्ने सम्मका क्रियाकलाप हेर्दा माओवादीको सत्ता लिप्सा कुन हदसम्म पुगेको रहेछ भन्ने अनुमान लगाउन सकिन्छ।

## दृष्टिकोण

✍.यमराज जी

राष्ट्रिय सहमतिका नाममा झलनाथ खनालको सत्ता स्वार्थ लुकेको एउटा सत्य भएपनि यसबेला एमालेले लिएको निर्णय राष्ट्रिय आवश्यक्ता हो भन्ने नबुझेर मुलुकलाई अनिर्णित बनाएको भन्नेहरुले के अब बन्ने बहुमतिय सरकाले मुलुकको मुलकलाई शान्ती र संविधानको ग्यारेन्टी गर्न सक्छ? यदी बहुमतीय सरकार नै अहिलेको मुल बिषय थियो भने किन माधव कुमार नेपाललाई प्रतिस्थापन गरेर नयाँ व्यक्ति ल्याउने कोशिश हुँदैछ ।मुलकलाई तदर्थबादमा राखेर बहुमतीय सरकारका लागी दबाब दिनेहरुले के यो अवस्था सिर्जना हुनुमा आफ्नो तर्फबाट जिम्मेवारी लिनु पर्दैन? सत्ता लिप्साको माओवादी मुलुकलाई आगामी परिस्थिति एजेण्डा ठान्नेहरु उसले सरकार प्राप्तीका लागी मात्र संसदीय प्रणालीलाई उपयोग गरेको अवस्थामा माओवादी लोकतान्त्रिक पद्दतिमा समाहित भएको भनेर तर्क गर्नेहरु माओवादकिो एक्काइसौं शताब्दीको जनवाद भित्र लुकेको सर्वसत्तावादको अर्को पक्षलाई भने आँखा चिम्लेर जनताको आँखामा छारो हाल्ने दुस्साहस गर्छन ।व्यवस्थापिका संसदमा माओवादी ठूलो दलको हैसियतमा रहेका कारण सरकारको नेतृत्वमा उसले दावी गर्नु उसको नैर्सगिक अधिकार भएपनि सरकारको नेतृत्व गर्नका लागी माओवादीले व्यवस्थापिका संसद भित्र सामान्य बहुमत जुटाउनु पर्छ भन्ने तथ्यलाई वेवास्ता गर्नेहरुले माओवादीको अन्धसमर्थन गरेर मात्र शान्ती प्रक्रिया पुर्ण हुन सक्तैन भन्ने कुरा बुझ्न जरुरी छ ।

व्यवस्थापिका संसदमा माओवादीको ठूलो उपस्थिति उसले दौडमा प्राप्त गरेको आधा सफलता मात्र हो सरकारको नेतृत्व दाबी गर्नेले दौडको बाँकी भागमा अग्रपंक्तिमा आउन उसले त्यस भित्रका जनमतलाई पनि आफ्नो पक्षमा पार्नु पर्छ ।वास्तविकताको यी पक्षलाई नजरअन्दाज गरेर माओवादीको अन्धसमर्थनमा रमाउने विष्लेषक तथा नागरिक समाजका अगुवा भनिएकाहरुलाई के भन्ने ?हिजो बहुमतीय सरकारको पक्षमा बकालत गर्नेहरु आज जसरी पनि सरकार निर्माण हुनु पर्छ भन्ने पक्षमा उभिनुले तिनको बौद्धिकताको स्तरलाई कसरी मापन गर्ने ?माओवादीलाई काँधमा बोकेर हिड्नेहरुले उ प्रति रहेको शंकाको निवारण गर्नु पर्छ की पर्दैन?

## सम्पादकीय.........

# सदरमुकाम सुधारौँ

हजारौँ मानिसहरुको बसोबास भएको धादिङको जिल्ला सदरमुकाम यातायात, विजुली लगायतका पूर्वाधार र अव्यवस्थित सवारी साधान पार्किङका कारण अव्यवस्थित बनेको छ ।

अव्यवस्थित भवन निर्माण, दलको उचित प्रवन्ध नहुनु, अनि साँधुरो सडक र त्यसमा पनि जथाभावी सवारी साधन पार्किङ गरिनुले यहाँका बासिन्दा मात्र होइन ग्रामीण भेगबाट सदरमुकाम आउने बटुवा र विदेशी पर्यटक समेतले सास्ती भोग्नु परेको छ। सबैभन्दा बढी सडकमा थुपारिएको गिट्टी, बालुवा, ढुंगा र अव्यवस्थित सवारी, साधन पार्किङले समस्या उत्पन्न भएको छ। अहिले धेरैले नीजि सवारी साधन प्रयोग गर्छन् । अव्यवस्थित गाडि पार्किङसँगै सडकै मिचेर राखिएका पसलहरुले सुन्दर धादिङवेसी दिनानुदिन कुरुप बन्दैछ। यसको समुचित व्यवस्थापन आजको जल्दाबल्दो आवश्यकता बनेको छ ।

धादिङवेसीको पुछारबजार अर्थात पुलबजार, शान्तबजार, सुगमटोल र बीचबजार चोक अति नै अव्यवस्थित भएको छ ।

बढ्दो सहरीकरण र बजार उन्मुख प्रवृत्तिले गाउँ छाडेर सदरमुकाम आउनेहरुको संख्या दिनानुदिन बढ्दैछ । नगरउन्मुख भैसक्दा पनि भवन निर्माण मापदण्ड, आचार संहिता यहाँ लाग्न सकेको छैन । त्यस्तै दल निकासको व्यवस्था हुन नसक्दा भोली यहाँको अवस्था के हुने भन्ने अनुभव गर्नै सकिन्न । बजार छेउबाट बग्ने थोपल र अरुण खोला यति प्रदुषित भैसकेको छ कि कुनै बेला महामारी फैलन सक्ने संभावना देखिन्छ । सौन्दर्यको रुपमा राख्न सक्नु पर्ने यी खोलाहरु फोहोरको डम्पिङ क्षेत्र बन्दा यसले बजारको सौन्दर्यतालाई सखाप पारेको छ ।

## महादेववेसीमा नीजि क्षेत्रको अस्पताल

**रामचन्द्र रुपाखेती (धास) ।** ग्रामीण क्षेत्रका समुदायलाई लक्षित गरि स्वास्थ्यसेवा प्रदान गर्न थाक्रे गाविसको महादेववेसीमा अस्पताल सञ्चालन गरिएको छ।

नीजिस्तरबाट सञ्चालन गरिएको महादेववेसी अस्पतालको रिपोर्टर्स् क्लव नेपालका अध्यक्ष ऋषि धमलाले आज एक कार्यक्रमकाबिच उद्घाटन गर्नु भयो । अस्पतालका प्रोपाईटर राजु थापाको अध्यक्षतामा भएको अस्पताल उद्घाटन कार्यक्रममा अस्पताल सञ्चालन गर्नुको उद्देश्य र यसले दिने सेवाका बारेमा बताइएको थियो ।

अस्पतालबाट २४ सै घण्टा आकस्मिक सेवा, प्रसुती सेवा, ई.सि.जि., दन्त परीक्षण, एक्सरे, प्याथोलाजी, लगायतका सेवा उपलव्ध गराइने प्रोपाईटर थापाले बताउनु भयो। अस्पताल उद्घाटनको अवसरमा निशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरि निशुल्क औषधी समेत वितरण गरिएको थियो।

नयाँ नेपालको निर्माणको दिशामा सहभागी हुन नयाँ संविधान निर्माणको लागि आ–आफ्नो क्षेत्रबाट राय, सुझाव एवम् सल्लाह उपलब्ध गराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## धादिङका महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| धादिङ अस्पताल | ५२०१३० |
| शहिद मेमोरियल अस्पताल | ५२०२८३ |
| राजमार्ग सामुदायिक अस्पताल | ५२९२८७ |
| धादिङ सामुदायिक अस्पताल | ५२०२४६ |
| गजुरी अस्पताल | ५२९११२ |
| जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र | ५२०२७८ |
| प्राथमिक स्वास्थ्य केन्द्र गजुरी | ५२९१७८ |
| वेनिघाट स्वास्थ्य चौकी | ९८४१५०९३९३ |
| खानीखोला एम्बुलेन्स | ०१६-२०४१२४ |
| सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्र | ०१०६९०११५ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| ईलाका प्रहरी कार्यालय गजुरी | ५२९१६० |
| ईलाका प्रहरी कार्यालय खानीखोला | ५२९१२६ |
| जिल्ला कारागार शाखा | ५२०२४० |
| जिल्ला प्रशासन कार्यालय | ५२०१३३ |
| नेपाल रेडक्रस सोसाइटी | ५२०१३७ |
| यातायात व्यवसायी संघ | ५२०११९, ५२०६०९ |
| माइक्रोबस व्यवसायी संघ | ५२०३८७ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| धादिङबेंसी | ५२०१५० |
| गजुरी | ५२९१७८ |
| मलेखु | ५२९२८७ |
| बैरेनी | ५२९१६२ |
| आरुघाट एम्बुलेनस | ०१९५३४५०४ |
| ने या स्व म संगठन पृथ्वी राजमार्ग इकाई धार्के (शवबहान एम्बुलेन्स) | ९८४१५१९६६६ |
| धादिङ आवाज साप्ताहिक | ०१०-५२०६१५ |
| ग्रामिण यातायात | ०१०-५२०९७४ |
| रेडियो धादिङ | ०१०-५२०९६० |
| रेडियो लोकतन्त्र | ०१०-५२०२७१ |
| रेडियो कृषि | ०१६-२१४४३९ |
| रेडियो विहानी | ०१०-५२०९९७ |
| जनमुक्ति साप्ताहिक | ०१०-६९०८४८ |
| मंगल प्रभात किरण | ०१०-५२०४४० |
| नेपाल पत्रकार महासंघ | ०१०-५२०७३० |
| गैसस महासंघ | ०१०-५२००४९ |

# समाजवादको बाटोबाट बिचलित कांग्रेस

✍ .प्रदिप गिरी

## सरोकार

विगत १५ वर्षमा वीपी कोइरालाको शिक्षातर्फ कांग्रेसको ध्यान गएन । यो एउटा कुरा हो । झन दुर्भाग्यपूर्ण कुरो त के छ भने यस अवधिमा कांग्रेसले देशलाई कुनै अर्को दृष्टि दिन पनि सकेन । समय पनि यस्तै थियो । सोभियत संघको पतनपछि पुजिँवादले विश्व विजय गरेको दुन्दुभि बजाईरहेको थियो । संसारमा विचारधाराको समाप्ति र ईतिहासको अन्त्य बारे पुस्तक लेख्दै थिए । कांग्रेसपनि यस गाईजात्रे यात्रामा सामेल भयो । कांग्रेसले समानता र बन्धुत्वको नारा विर्सियो र विदेशबाट ऋण ल्याएर घिउ खाने दर्शनको नेतृत्व गर्न थाल्यो । आफ्नो अन्तिम दिनमा वीपी कोइरालाले विदेशी ऋणको विरोधमा कडा चेतावनी दिनुभएको थियो । त्यो शिक्षा विष्मृत्त भयो । तर चम्चाले दुध नबाड्ने उदाहरण भने योजनाकार र विकासविदले राम्ररी अठ्याए ।

भनिन्छ समाजवादको धेरै रुप हुन सक्छन् । तर समाजबाद भनेपछि त्यस सिद्धान्तले मुठ्ठीभर पूँजीपति र दलालशाहिको पृष्ट पोषण गर्न सक्दैन । समाजवाद आम जनता निम्न मध्यम वर्ग किसान र श्रमजीवीको हक र हितका लागि उदासिन रहन सक्दैन । विगत १५ वार्षमा नेपाली कांग्रेसले धेरैजसो यस्तै गऱ्यो । यो परिस्थिती आउनुको पछाडी वीपी कोइरालाको शिक्षाको अस्पष्टता र फुट्कर अभिव्यक्ति एक हदसम्म जिम्मेवार थिए होलान् । तर झन अफ्टेरो के भयो भने २०४७ साल पछि वीपी कोइरालाको शैद्धान्तिक उत्तराधिकारको बारेमा नेपाली कांग्रेसले छलफल नै गर्न चाहेन । नेपाली कांग्रेसको नेतृत्वको द्वन्द्व अहमको भिडन्तमा सिमित भयो । यस टक्करमा सबैले वीपीको नामबाट फाईदा लिन चाहे । यस संघर्षमा वीपी कोइरालाको सहदर भाई विजयि हुनुभयो । सिद्धान्तको सतत् उपेक्षाले यो विजय सहज र स्वभाविक भएको थियो ।

तर त्यति मात्र होईन पार्टीले सिद्धान्तको उपेक्षा गर्दा गिरिजाप्रसादको व्यक्तिबाद र हैकमबाद बलियो भयो । यो एउटा तथ्य हो । तर यो त एउटा सिङ्गो र भयावह सत्यको साधारण पक्ष मात्र हो । समग्रमा पार्टी पूरै दिशा भ्रष्ट भयो । २०४७ सालपछि नेपाली कांग्रेसले एउटा अनुकुल परिश्थितीमा सरकारको नेतृत्व गर्ने सु-अवसर पाएको थियो । नेपाली कांग्रेसलाई जनताले बेसरी पत्याएको थिए । सोभियत संघको पतनले सबै थरीका कम्युनिष्टहरु हतोत्साहित थिए । तर नेपाली कांग्रेस यसबाट हतोत्साह हुने कारण थिएन । उल्टो यस घटनाबाट नेपाली कांग्रेसको सैद्धान्तिक आग्रहको पुष्टि भएको थियो । नेपाली कांग्रेसले वि.सं. २०४७ साल पछि नेपालमा नौलो किसिमका सामाजिक व्यवस्थाको प्रवर्तन गर्न सक्थ्यो । त्यस व्यवस्थाले तेस्रो विश्वको निम्ति उदाहरणको काम गर्न सक्थ्यो । तर त्यो भएन । नेपाली कांग्रेसले केही पनि नौलो काम गर्न सकेन । नेपाली कांग्रेसले वीपी कोइरालाको आत्मा संघर्ष र समाजवादलाई विर्सियो । नेपाली कांग्रेसका निम्ति यो विश्मृति अत्यन्त दुर्भाग्यपूर्ण ठहरीएको छ । तर यहाँ एउटा कुरा बुझ्ने गल्ति गरिनु हुदैन । वीपी कोइरालाको रचना र भाषणमा नव नेपालको सिङ्गो र सम्पूर्ण रुपरेखा थियो भन्ने हाम्रो अभिप्राय होइन । त्यस्तो रुपरेखा त्याहा छ वा हुन सक्छ भन्नु पनि भ्रामक सोचाई हो । गत वर्षहरुमा नेपाली कांग्रेसमा यस्ता भ्रामक सोचाई पनि नभएका होईनन् । हामीले यस्ता सोचाईको कडा प्रतिवाद गर्नुपर्दछ । आजको कुनैपनि महापुरुषले भोलीको नव नेपालको नक्सा कोर्नै सक्दैन । त्यस्तो नक्सा काल्पनीक हुन सक्छ । बाटो संकेत गर्ला तर ठेगान पुऱ्याईदैन । वीपीका रचनामा हाम्रा गन्तब्यको संकेत मात्र छ ।

त्यहाँ गान्धीको उल्लेख छ मार्क्सवादको चर्चा छ, सर्वोपरि त्याहा एउटा प्रजातान्त्रिक समाजवादको सुदिर्घ र उज्वल परम्पराप्रति आदरवोध छ । नेपालको नव निर्माणको सन्दर्भमा वीपी हाम्रा निमित्त एक सार्थक प्रस्थान विन्दु हुनुहुन्छ । तर उहाँ आदि र अन्त्य बन्न सक्नुहुन्न । वीपी कोइरालाको महत्व के छ भने उहाँ समाजवादी चिन्तक तथा सुदिर्घ र विशाल परम्पराको एउटा कढि हुनुहुन्थ्यो । नेपालका दृष्टिले उहाँलाई हामी सर्वाधिक महत्वपूर्ण कढि मान्न सक्छौ । तर समाजवादलाई हामी एउटा ऐतिहासिक पृष्ठभूमिमा राखेर यस कडिको प्राशंगिकता र अर्थबत्ता प्रकट हुन्छ ।

# बुद्धधर्ममा मानव.....

३०० वर्ष पश्चात बैंशालीमा भएको भिक्षु संघको भेलामा मदभेद भएर बुद्ध धर्मभित्र 'महासाधिक' नामको अर्को शाखा वन्यो । मुल बुद्ध धर्म चाँहि 'हीनयान' कहलियो । महासांधिक चाहि ईशाको पहिलो शताब्दीतिर महायान शाखाको नामले प्रसिद्ध भयो । हीनयानीहरु बुद्धलाई मानव बुद्धको रुपमा मान्छन्, तर महायानीहरु बुद्धलाई अलौकिक (ईश्वर) को रुपमा मान्छन् । यही महायान शाखाभित्र तेस्रो शताब्दीमा भारतमा जन्मेका आचार्य नागार्जुनले तन्त्रद्धारा साधना गर्ने मन्त्रयानको विकाश गरे भनिन्छ । त्यही तन्त्रयान भित्रकै एक शाखा पाचौं शताव्दीका अन्तातिर बज्रयान सम्प्रदायको नामले जन्म्यो र विकाश भयो । जादुटुनामुना र उपासनामा विश्वास राख्ने दक्षिण भारतबाट उडिसा, वंगाल हुँदै उत्तर भारतको नालन्दा विक्रमशीला महाविहारमा फुल्न पुग्यो । महायानको पैलो रुप दार्शनिक चिन्तनका साथै देवदेवता मान्ने मात्र थियो । यसले तेस्रो शताव्दीमा नेपालमा पनि प्रवेश पायो र यहि क्षेत्र महायानकै गढ भयो । लोभ, हिसां, चोरी र व्यभिचार शारिरीक कार्य हुन् । यिनको निराकरण वा असल मुल्यका निम्ति यस्ता खराव कार्यहरु त्याग्नुपर्छ । यस्तै झुटो वचन, चुक्ली, कटुवचन, व्यर्थवचन पनि गर्नु हुदैंन । यसको सट्टा दानी, अहिंसा, सत्यज्ञानका मार्गहरु अवलम्वन गर्नु पर्छ । यी सवै सम्पर्क दृष्टि अन्तरगतका असल मूल्यहरु अवलम्वन गर्ने मार्गहरु हुन् । यसर्थ रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान आत्मा हैन, किनकी त्यहाँ महाँरोग छ । जव अनात्मा नै सत्य हो, यसबाट बिरक्त हुनुपर्छ, यो नै ज्ञान हो । आत्मावाद सत्कार्य दृष्टि हो ।


**भर्ना खुल्यो !भर्ना खुल्यो !!भर्ना खुल्यो!!!**

**पूर्णरुपमा नयाँ व्यवस्थापनका साथ सञ्चालित यस सिद्धार्थ कलेज कलंकी बाफलमा विज्ञान, व्यवस्थापन र मानविकी संकायमा नयाँ शैक्षिक सत्रका लागि भर्ना खुल्यो । यहाँ शान्त शैक्षिक वातावरणमा कम्प्युटर साइन्स, होटल म्यानेजमेन्ट तथा आम सञ्चार र पत्रकारीता विषयहरुमा समेत पढाइ हुन्छ । सिट सिमित छ, समयमै भर्ना भै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।**

**सिद्धार्थ कलेज कलंकीमा धादिङ जिल्लाबाट SLC उत्तिर्ण गरेर विज्ञान संकायमा भर्ना हुने विद्यार्थीलाई विशेष छुटको व्यवस्था छ ।**

**सिद्धार्थ कलेज कलंकी बाफल, काठमाण्डौं**

सम्पर्क **०१-४२७८६३२, ०१-४२८४६६६**


नेपाली काँग्रेसको विधान २०१७ को २०६६ मा संशोधित तथा परिमार्जित परिच्छेद ३ धारा ५ अनुसार धादिङ जिल्ला क्षेत्र नं. १,२ र ३ अन्तर्गतका गा.वि.स. बाट निर्वाचित गाउँ विकास समिति सभापतिहरुको नामावली विवरण :

| क्र.स. | नाम र थर | गा.वि.स |
|---|---|---|
| | **क्षेत्र नं. १** | |
| १ | कृष्ण प्र. बुर्लाकोटी | सल्याल्यानटार-७ |
| २ | हरिप्रसाद बुर्लाकोटी | आगिन्चोक-६ |
| ३ | बुधाराम तामाङ | सत्यदेवी-८ |
| ४ | शंकर थापा | बुढाथुम-५ |
| ५ | कुन्साङ लामा | सेर्तुङ-८ |
| ६ | नेत्रबहादुर अधिकारी | त्रिपुरेश्वर-१ |
| ७ | छिरिङ तामाङ | झार्लाङ-५ |
| ८ | नेत्रबहादुर घरे | गुम्दी-८ |
| ९ | फैसिंह तामाङ | री-१ |
| १० | दुर्गा ब. ढकाल | बसेरी -५ |
| ११ | घ्याम्पा तामाङ | लापा-३ |
| १२ | मोहनबहादुर अधिकारी | फुलखर्क -१ |
| १३ | दलबहादुर गुरुङ | कटुञ्जे |
| १४ | अम्बर बहादुर तामाङ | सेमजोङ-७ |
| १५ | समशेर ब. घले | दार्खा -८ |
| १६ | हरि प्र. तिम्सिना | सल्यानकोट |
| १७ | पद्मम ब. गुरुङ | मार्पाक |
| १८ | मोहन ब. अधिकारी | मुलपानी |
| १९ | नारायणप्रसाद वस्ती | धुँवाकोट |
| २० | मान घले | तिप्लिङ |
| | **क्षेत्र नं. २** | |
| २१ | रणबहादुर शाही | मैदी |
| २२ | शिवराल गिरी | नीलकण्ठ |
| २३ | गुणबहादुर थपलिया | मु.भ. |
| २४ | शम्भु मल्ल | ज्यामरुङ |
| २५ | द्रोणचार्य सिंखडा | साङ्कोष-२ |
| २६ | भीमकान्त सिलवाल | नलाङ |
| २७ | विशाल लुङ्गेली मगर | गोगनपानी |
| २८ | हस्तवहादुर थापामगर | खाल्टे |
| २९ | झम्कनाथ अधिकारी | सुनौलाबजार |
| ३० | कृष्णप्रसाद दुवाडी | ढोला |
| ३१ | नवराज खतिवडा | सलाङ |
| ३२ | रामप्रसाद श्रेष्ठ | चैनपुर |
| ३३ | टिकानीधि काप्री | खरी |
| ३४ | रामशरण गिरी | कुम्पुर |
| ३५ | हरिप्रसाद खतिवडा | कल्लेरी |
| ३६ | दिपबहादुर कुँवर | केवलपूर |
| | **क्षेत्र नं. ३** | |
| ३७ | कविराज अधिकारी | जोगीमारा |
| ३८ | दिपकान्त थपलिया | धुषा |
| ३९ | सुनबहादुर तामाङ | महादेवस्थान |
| ४० | दिपेन्द्र पाठक | नौविसे |
| ४१ | ऋषिनाथ त्रिपाठी | बेनिघाट-२ |
| ४२ | दिकादत्त पाण्डे | गजुरी |
| ४३ | अमृत थापा | भुमेस्थान |
| ४४ | परशुराम सुवेदी | पिडा |
| ४५ | कर्णबहादुर गोले | तसर्पु |
| ४६ | ध्रुव प्रसाद पौडेल | छत्रेदेउराली |
| ४७ | एकराज गजुरेल | जीवनपुर |
| ४८ | गोपी रिमाल | बैरेनी |
| ४९ | गोविन्द बहादुर भण्डारी | किराञ्चोक |
| ५० | भिमसेन संुयाल | थाक्रे |


**पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।**

**धादिङ आवाज साप्ताहिक**

नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,
Email : dhadingvoice@gmail.com,
web: dhadingawaj.com.np

# मानिस ठुलो जातले हुँदैन ।

**सुमित्रा लम्साल**
**दलित आवाज**

मलाई यस्तो लाग्थ्यो बदलिँदो परिस्थिति अनि समयको परिवर्तनसँगै मानिसले आफ्नो सोचाई र अनावश्यक धारणाहरु पनि परिवर्तन गर्छन होला । लाग्थ्यो समयको चालसँगै मानिसका मनभित्र कुहिएर बसेको यो कालो फोहोर अन्धविश्वास र रुढी वादी परम्परा पनि सबै नष्ट हुन्छ । अनि नयाँ समयको पाउला पलाउला सबै कुराहरु परिवर्तन भएर एउटा सभ्य र विकसित समाजको निर्माण हुन्छ । तर यि कुराहरु केवल मिठामिठा शब्दमा नै सिमित रहे । मानिसको कल्पनामा नै सिमित रहे । अनि एउटा मिठो सपना बनेर मानिसको मन मस्तिष्कमा गडिरहन्छ ।

वरिपरिको रङ्ग बदलियो मानिसको बाँच्ने शैली फेरीयो हरेक कुरामा परिवर्तन आयो युग परिवर्तन हुँदै गयो विकाशले आफ्नो गतिलाई चरम चुलीमा पुऱ्यायो ढुङ्गे युगका ति मानिसहरु आजको २१ औं शताब्दीमा आएर खडा भएका छन् । अघि बढ्न सक्नेहरु निकै अगाडि पुगिसके । पछाडि परेकाहरु झन पिछडिदैं आएका छन् । यसै पनि पछाडी परेको अन्य देशको तुलनामा अविकसित देश नेपाल त्यसमाथि पनि यहाँको कु-संस्कृति र कु-संस्कारको कारण आफ्नो छुट्टै स्थान ओगट्न सकेको छैन । जसको एउटा उदाहरण बन्न पुगेको छ जातिय असमानता । हामी भन्ने गर्छौं संसारमा केवल महिला र पुरुष गरी दुईवटा जातजाती छन् । तर नेपालमा त्यो भनाई केवल लिखित मौखिक रुपमा मात्र सिमित बन्न पुगेको छ । हाम्रो नेपाली समाजले यो भनाइलाई आजसम्म कुनै स्थान दिन सकेको छैन । हाम्रो समाजमा ठुला जाती र साना जाती बिचको फराकिलो अन्तर विद्यमान रुपमा कायम रहेको छ । यहाँ अझैनि ठुला जातले सानो जातका मानिसहरुलाई दमन शोषण अन्याय र अत्याचार गर्ने गरेको पाइन्छ । आजको यो आधुनिक युगमा आइपुगेर पनि ति साना जातीका मानिसहरु ठुला जातीबाट हेपिएर अनि चेपिएर बस्नुपरेको छ । आजपनि साना जातिका मानिसहरुले आफ्नो जहान परिवारको पेट भर्नको लागि ठुलो जातीको आदेश लिनुपर्छ अनि उनिहरुको इशारामा नाच्नु पर्छ । दमाई, सार्कि, कामी, कोचे, कुमाल जस्ता दलित तथा जनजातीहरु ब्रह्मण, क्षेत्री जस्ता जातीको हातको चम्चा बनेर नाचिरहेका छन् । ब्राह्मण समुदायले समाजमा आफ्नो कब्जा जमाएको छ ।

नेपालमा कतिपय जातजातीहरु त लोप हुँदै गइरहेका छन् । कुनै दिन नेपालको जातजाती एउटा इतिहास बनेर किताबका पानाहरुमा सिमित हुने हो थाहा छैन । एउटा मानिस र अर्को मानिसबिच पानी बाराबार हुन्छ । यि ठुला जातीले कुनै मौका छाडेका छैनन् साना जातीलाई पछि पार्नको लागि । लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्र अनि कति तन्त्रहरु आए तर यि दलित, जनजातीको उत्थान गर्न सकेनन् । दलित तथा जनजातिको लागि संविधानमा छुट्टै व्यवस्था गरिने भनियो कति पटक त संविधानमा लेखियो पनि तर पनि केही हुन सकेन । यस्ता संविधानका कुराहरु त यि दलित जनजातीको लागि “आकाशको फल आँखा तरि मर” भनेजस्तै भयो । प्रतिक्षा गरेर बसिरहे आँखाहरु चियाइरहे मनमा एउटा कौतुहलता जागिरह्यो यिनिहरुको कि कुनै दिन हामी पनि समाजमा शिर उठाएर हिड्न पाउँछौं । फिर्ता हुनेछन् ति गुमेका मान सम्मान अनि पूर्नजिवित हुनेछन् ति खोसिएका अधिकारहरु फेरी एकपटक तर यिनिहरुको मनभित्र गुम्सिउको यो पिडा यो बेदना अनि दुःख र रसाएका यिनका आँखाको मोल कसैले पढ्न सकेन । अझ यो भनौं कि कसैले पढ्ने कोसिस नै गरेन ।

देशमा नयाँ संघियताको स्थापना भयो एकपछि अर्को सरकार गठन हुँदै गयो तर कसैले पनि यो दलित जनजातीको स्थितिलाई गम्भिर रुपमा चिन्तन गर्न सकेन । दलितले सिलाएको कपडा लगाउन हुने । दलितले बनाएको भाडाँकुडामा पकाएर खान हुने तर दलितले छोएको पानी खान नहुने । मलाई लाग्छ यि दलित जनजाती भनेका समाजका बाहक हुन जसको बिना समाज अपाङ्ग बन्न पुग्छ । यि दलितहरुको परिश्रमको फलको कारणले नै कहि न कहिँ हामीलाई जिवित राखेको छ । भगवान त सबैको साझा हुनुपर्ने होइन र फेरि किन हामीले पूजा गर्ने मन्दिरमा ति दलित जनजातिलाई पस्न दिंइदैन ? किन उनिहरुलाई भगवानको चरणमा पर्न दिंइदैन आखिर किन ?

हामी भन्छौं दलित जनजातीलाई मौका दिनुपर्छ । हामी लेख्छौं पनि मिठामिठा शब्दमा तर हाम्रो घरमा ति साना जातीका मानिसहरुलाई भित्र पस्न दिंदैनौं । किनी त्यो एउटा चलन बनिसकेको छ । एक पटक बिचार गरौं त त्यो दलित जनजातीको ठाउँमा हामी भएको भए हामीले पनि त्यसरी नै अन्याय अत्याचार सहनुपर्थ्यो । त्यसैले तिनहिरुको ठाउँमा आफु बसेर सोचौं । अनि आजैदेखि आफ्नो मनबाट जातीय असमानतालाई हटाऔं ।

## जलवायू परिवर्तन सम्बन्धि छलफल

**धादिङवेशी (धास)** । जलवायू परिवर्तनका लागि स्थानीय अनुकुलन योजना जिल्लास्तरीय कार्यशाला गोष्ठि सदरमुकाम धादिङबेसीमा सम्पन्न भएको छ ।

धादिङ जिल्लामा वन तथा वातावरण संरक्षण र गरिवी निवारणका लागि काम गर्दै आईरहेको गैर सरकारी संस्था श्रोत पहिचान तथा व्यवस्थापन समाज रिम्स नेपालको आयोजनामा भएको गोष्ठिमा विश्वव्यापी रुपमा जलवायु परिवर्तनले पारेका असरहरु र जैविक विविधताको संरक्षण र जीविकोपार्जनमा देखापरेका समस्याहरुका विषयमा छलफल गरिएको थियो ।

जलवायु परिवर्तनले पुऱ्याएको असरका वारेमा गोष्ठिका सहभागिहरुले छलफल गरेका थिए ।

## सदरमुकामा माओवादीद्वारा.........

पर्ने आक्रमणकारीलाई कारवाहि हुनु पर्ने लगायतका मागहरु सहितको प्लेकार्ड लिएर होटल व्यवसायीहरु जिल्ला प्रसासन कार्यालयमा गई ज्ञापनपत्र बुझाएका हुन् । होटलहरुको सुरक्षा र राजनीतिक दलहरुसंग वार्ता गराई समस्याको समाधान गर्न पनि व्यवसायीहरुले माग गरेका छन् । राजनीतिक दलहरुको संरक्षणका कारण सदरमुकाममा आपराधिक क्रियाकलाप बढ्दै गएको पनि होटल व्यवसायिहरुले आरोप लगाएका छन् ।

विहिवार कांग्रेस कार्यकर्ताबाट धादिङबेसीमा रहेको युनिक क्याफे र बजार बन्द गर्ने क्रममा एकिकृत नेकपा माओवादीबाट बिचबजारमा रहेको होटल दाजुभाईमा तोडफोड भएको घटनालाई लिएर होटल व्यवसायीहरुले विरोध जनाएको बताइएको छ ।

## स्वास्थ्य

## मेनेन्जाइटिस

मेनेन्जाइटिस एउटा सरुवा रोग हो । मेनेन्जाइटिस रोगका जीवाणुहरु मानिसको मस्तिष्कमा पुगेपछी यो रोगको लक्षण देखापर्छ । यो रोग लागेपछी मस्तिष्क र यसका अन्य भागहरुमा सुजन हुन्छ । यो रोगबाट बिरामी अपाङ्ग हुन सक्छ । यो रोगबाट बिरामीको मृत्युसमेत हुने सम्भावना हुन्छ । यो रोग छोटो समयमै धेरै व्यक्तिहरुमा लाग्नसक्छ ।

**रोग लाग्नुको कारण ?**

यो रोग मेनिन्गोकोकस वा न्युमोकोकस वा ग्रुप बी स्ट्रेप्टोकोकस वा ई.कोलाई नामक सूक्ष्म जीवाणु वा विभिन्न किसिमका विषाणु वा फसङ्गसको कारणले लाग्दछ ।

**रोग सर्ने तरिका :**

- यो रोग बिरामीसँगको प्रत्यक्ष सम्पर्कबाट निरोगी व्यक्तिमा सर्दछ ।

**रोगका लक्षणहरु :**

- अचनाक अत्यधिक ज्वरो आउने, टाउको दुख्ने र बान्ता हुने ।
- घाँटी अररो हुने ।
- मांसपेशीहरु दुख्ने र कमजोर महसुर गर्ने ।
- काँप्ने, रिँगटा लाग्ने ।
- शरीरमा बिमिराहरु आउने ।

**बच्ने उपायहरु :**

यो रोग लाग्नबाट बच्न निम्न कुराहरुमा ध्यान दिनुपर्छ :

- काँचै खाने खानेकुराहरु जस्तै : मुला,गाँजर, काँक्रो तथा अन्य फलफूल आदि सफा पानीले राम्ररी पखालेर मात्र खाने ।
- बिरामीको हेरचाह गर्ने व्यक्तिले साबुनपानीले राम्ररी हात धुने ।
- खाना खानु र खुवानुअघि, दिसापिसाब गरेपछी र फोहोर वस्तु चलाएपछी साबुनपानीले राम्ररी हात धुने ।
- बिरामीको तथा बिरामीको हेरचाह गर्ने व्यक्तिले नङ काट्ने ।
- बिरामीले प्रयोग गरेका कपडाहरु राम्ररी धोई घाममा सुकाएर मात्र प्रयोग गर्ने ।

**जिल्ला स्वास्थ्य कार्यालय धादिङ**

## अर्धवार्षिक समिक्षा तथा कार्ययोजना तयारी कार्यशाला सम्पन्न

**धादिङवेशी (धास)** । दिगो भुव्यवस्थापन कार्यक्रमको सहयोगमा सञ्चालन भएको कार्यक्रमको अर्धवार्षिक समिक्षा तथा आगामी कार्ययोजना सम्वन्धि कार्यशाला सम्पन्न भएको छ ।

सन २००५ देखि धादिङ जिल्लामा संचालन भईरहेको दिगो भुव्यवस्थापन कार्यक्रम पांचवटा गैर सरकारी संस्था मार्फत जिल्लाको ज्यामरुङ, चैनपुर, मुलपानी, आगिन्चोक ,नीलकण्ठ, साङकोष, कटुन्जे र त्रिपुरेश्वर गाविसमा संचालन भईरहेको छ । यसै गरि सुनौलाबजार , गोगनपानी, तसर्पु, किरान्चोक, नलाङ,सलाङ, कुम्पुर ,कल्लेरी ,गुम्दी र दार्खा गरि १८ वटा गाउं विकास समितिमा संचालन भईरहेको छ । त्यसै गरि किसान किसान कृषि प्रसार समिति मार्फत थप १८ वटा गाविसमा कार्यक्रम संचालन भईरहेको छ ।

अर्धवार्षिक समिक्षा कार्यक्रमको उदघाटन गर्दै धादिङका प्रमुख जिल्ला अधिकारी भरत पौडेलले “जल, स्थल, वन र वायु कन्चन रहे लम्बिन्छ आयु” भन्नुभएको थियो । वरिष्ठ कृषि विकास अधिकृत महेन्द्रमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमलाई प्रमुख जिल्ला अधिकारी भरत पौडेलका साथै नेकपा एमालेका जिल्ला अध्यक्ष गुरुप्रसाद बुर्लाकोटी, एकिकृत नेकपा माओवादीका जिल्ला सह इन्चार्ज रामवहादुर भण्डारी, नेपाली कांग्रेस धादिङका कार्यालय सचिव शिवराज गिरी र नेकपा मालेका जिल्ला सदस्य राजेन्द्र पोडेल, राष्ट्रिय जनशक्ति पार्टीका कृष्णपैसाद पाण्डे लगायतले दिगो भुव्यवस्थापन कार्यक्रमको महत्वका बारेमा बोल्नु भएको थियो ।

दिगो भुव्यवस्थापन कार्यक्रम संचालन भए पछि १८ गाविसमा किसान समुहको गठन भई ति समुह मार्फत वानस्पतिक विषादीको प्रयोग गरी तरकारी तथा अन्नवाली खेती हुँदै आईरहेको छ । अर्धवार्षिक समिक्षा कार्यक्रममा कार्यक्रम संचालन गरिरहेका संस्थाका प्रतिनिधी , अगुवा किसान र संचारकर्मिको सहभागिता रहेको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघका कोषाध्यक्ष नवराज छत्कुलीले कार्यक्रम अनुगमन भ्रमणमा देखिएका उपलब्धि, किसानका समस्या र चुनौतिहरुको बारेमा अनुगमन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा कार्यक्रम संचालन गरिरहेका हर्डम्यान, फोकस, प्रयास, सिर्ड्स, आर एम डि गरि पांचवटा संस्थाका प्रतिनिधी र किसान किसान कृषि प्रसार समितिका प्रतिनिधीहरुले अर्धवार्षिक समिक्षा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

आगामी ६ महिनाको कार्य योजना तयार पार्दै अर्धवार्षिक समिक्षा कार्यशाला सम्पन्न भएको छ । अर्धवार्षिक समिक्षा कार्यक्रममा दिगो भुव्यवस्थापन कार्यक्रमका कार्यक्रम अधिकृत पदमकिरण राना, फिल्ड अफिसर रश्मि पण्डित, कार्यक्रम संचालन गरिरहेका संस्थाका कार्यक्रम संयोजकहरु तथा कर्मचारीहर, अगुवा किसान र संचारकर्मिको सहभागिता रहेको थियो ।

अब तपाईहरुको लागि
धादिङ आवाज साप्ताहिक प्रत्रिका
*Webside:*
*www.dhadingawaj.com.np* मा पनि

# बुद्धधर्ममा मानव आचरणको चित्रण

✍ .टंक केशी

धर्म-दर्शन

बुद्धत्व प्राप्त गरी सके पछि बुद्ध धर्मोपदेश गर्ने विचारमा थिएनन् डेड महिना पछि 'ब्रहमा सहंयति' ले उनी संग प्रार्थना गरेकाले बुद्ध आफ्नो धर्मको उपदेश दिन राजी भए । सवैभन्दा पहिले आफूले योगको शिक्षा लिएका गुरुहरु आलार, कलाम र उदक रामपुत्रलाई उनी उपदेश दिन चाहान्थे तर उनीहरु दिवंगंत भैसकेकाले त्यो सम्भव भएन । त्यस पछि आफुबाट तपस्या छाडी हिडेका ५ भिक्षुहरुको खोजीमा आउँदा तिनीहरुलाई सारनाथमा भेटी पहिलो उपदेश नै उनीहरुलाई दिए । यो पहिलो उपदेश 'धर्मचक्रप्रवर्तन' सूत्रको नामले प्रसिद्ध छ। यो उपदेश आषाढ पूर्णिमाका दिन दिईएको थियो। यसमा वुद्धले 'मध्यममार्ग' लाई सत्यको यथार्थ मार्ग वताएका छन् । यो मध्यमार्ग भनेको इन्द्रीयहरुको काम सुखलाई परित्याग गर्नु र आफूलाई कष्ट दिनुवाट अन्त्य गर्नु हो। इन्द्रियको काम त सुखमा लीन हुनु हो । यो संसारको पूर्ण आशक्ति कार्य हो र यस्तो सुख भोग भनेको हीन अनर्थकारी अनार्य हो । आफूलाई कष्ट दिने काम भनेको दुःख अनार्य र अनर्थ कार्य हो । अतः यी दुवैको वीचको वाटो भनेको 'मध्यम मार्ग' हो । यस मार्गलाई दुःख, दुःख समुदाय, दुःख निरोध र दुःख निरोध भाग, यी ४ वटा आर्य सत्यका मार्गका रुपमा बताइएको छ। यसवाट के प्रष्ट हुन्छ भने ज्ञान प्राप्तिका लागि तपस्या गर्ने शरीर सुकाउने जस्ता परम्परागत वाटाहरुलाई त्यागी सामान्य मध्यम मार्गका अनुसार इन्द्रियहरुलाई भौतिक सुख प्राप्तिका लागि काम सुखमा लम्पट वनाउने र शरीरलाई कष्ट दिने काम दुवै काम अति चरम पन्थी कामहरु हुन्। यी दुवैलाई त्यागी यथार्थमा लाग्नु नै मध्यम मार्ग हो।

बुद्धले ५ जना भिक्षुहरुलाई धर्मचक्रप्रवर्तन प्रदान गरे पछि उनका वारेमा व्यापक रुपमा प्रचार हुन थाल्यो । राजा महाराजाहरुले समेत दीक्षा लिन थाले । शिष्य मण्डलीहरु वन्न थाले । वुद्ध भिक्षुका बिहारहरु निर्माण हुन थाले । जतातत्तै 'बुद्धम् शरणं गच्छामिः संघम् शरणम् गच्छामि धम्मंम् शरणम गच्छामि' जस्ता पवित्र शब्दहरु गुञ्जन थाले। अनवरत रुपले बुद्ध ४०/४५वर्ष सम्म धर्म प्रचारमा लागे ।आज बुद्ध संसार भरी भगवान बुद्धका नामले प्रसिद्ध छन् । उनको धर्म बुद्ध धर्मका नामले प्रचलित छ र उनको दर्शन बुद्ध दर्शनका नामले प्रख्यात छ भनी चिरञ्जीवि शर्माको "शिक्षाका आधारहरु २०६२" नामक एक पुस्तकमा यी गरिमामय वाक्यहरु उल्लेख भएको पाईन्छ। तसर्थ, बुद्धदर्शन सिद्धान्त मध्यमार्गी दर्शन हो । यसले ईश्वर, आत्मा, कर्मकाण्ड, अन्धविश्वास, पुनर्जन्म आदिलाई मान्यता दिदैन । बुद्ध दर्शन आध्यात्मिक र भौतिकवादी दुबै होइन। अनित्य, दुःख, अनात्मा वा संसारका सबै कुराहरु अनित्य छन् । यहि नै बुद्ध धर्मको मूल दर्शन हो। बुद्ध धर्म भन्नु नै बोध हुनु बुझ्नु भन्ने, दर्शनशास्त्र हो । बुद्ध शिक्षा नै पछि बुद्ध धर्म भयो । त्यसैले धर्म भन्दा दर्शनमा आकर्षण भएको मान्न सकिन्छ, अथवा दर्शनवाट प्रभाव परी धर्ममा परिणत भएको भन्नु अत्युक्ति नहोला। बुद्ध दर्शनको यथार्थ भनेको दुःख हो। दुःख नै सवै कारणहरुको कारक हो र दुःख निवारण नै निर्वाण (मोक्ष) हो। बुद्ध दर्शनको यथार्थता धर्मोपदेश हो। धर्मोपदेशका आधार त्रिपिटकहरु हुन्। वास्तवमा बुद्ध दर्शन (बुद्ध धर्म) को शुरुवात हिन्दु दर्शनकै आधारमा भएको थियो, तर बुद्धको ज्ञान प्राप्तिमा शारिरीक कष्ट भन्दा सामान्य भोजन प्राप्ति पछि "बोध प्राप्ति" भएकोले हिन्दु धर्मको बाटो त्यागी मध्यहमार्गी यथार्थमा आएको थियो। सवैलाई समान दृष्टिले हेर्नु, शुभकार्यमा लाग्नु, इन्द्रीयलाई वंशमा राखि मनलाई एक चित्त पार्न सक्नु दर्शनको यथार्थता हो। जस्तो बुद्धलाई नमान्ने पाँचजना भिक्षुहरुलाई सर्वप्रथम ज्ञान दिनु , पिपलको बृक्षमुनी १ जना महिलाले दिएको खीर खाएर ज्ञान प्राप्त हुनु सवै जाजजति, धर्म ,भाषा र लिङ्गलाई र समान दृष्किोण राखी सङ्गठित हुन आह्वान गर्नु, निषेध कार्यहरु तोक्नु,वस्तुहरुको आचरण र व्यवहारमा ध्यान दिनु आदि थुप्रै उदाहरणहरुले बुद्ध दर्शनका यथार्थहरु पहिल्याउन सजिलो हुने देखिन्छ।

बुद्ध दर्शन अनुसार ४ वटा आर्यसत्यहरु यथार्थ हुन् । प्रथम आर्यसत्यअनुसार सम्पुणं ब्रह्माण्ड दुःखको भवसागरमा डुवेको छ । मानिसले संसारमा जन्म लिनु, बुढेसकालमा जानु, मर्नु, शोक गर्नु, अलाप गर्नु, पीडा हुनु, चिन्तित हुनु, इच्छा पुर्ति नगर्नु, वियोग प्राप्त गर्नु, अप्रियजनसँग भेट गर्नु र पञ्चउपादानका सम्पुर्ण कारणहरु नै दुःख हुन् र यो ज्ञान हुनु नै वास्तविकता हो र यो नै यथार्थ हो। दु : ख नै अटल सत्य हो र यो नै यथार्थ हो । पञ्चउपादान भनेको रुप (Body) , वेदना (Pain) , संज्ञा (Name) , संस्कार (Impression) र विज्ञान (Consciousness) हुन् र यी सवै दुःख हुन भनी बुद्ध दर्शनले भनेको छ। बुद्ध दर्शनका चार महाभुत पृथ्वी, पानी, वायु र अग्नि हुन र यी महाभुत नै वास्तविक रुप हुन । सुख र दु :खको अनुभव वेदना हो । पुर्वअनुभवका आधारमा दिईने संज्ञा हो। रुप, वेदना र संज्ञाबाट पर्ने छाप संस्कार हो।

दोस्रो आर्यसत्यमा भनिएको छ - 'मानिसको अतीत जीवन, वर्तमान जीवन र भविष्य जीवन सबै दु :ख समुदाय भित्र पर्दछन्। मानिसले दु :ख निवारणका लागि दु :ख समुदायका १२ वटा कारणहरु (द्वादश कारण) अविद्या, संस्कार, विज्ञान, नाम, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भाव, जाति र बुढेसकाल आदिको निदान गर्नुपर्दछ'। किनभने यी सवै दुःखका कारणहरु हुन् । यी सवैका निदान नगरी मोक्ष प्राप्ती (निर्वाण) हुन सक्दैन्। यो नै यथार्थ हो । मानिसको अविद्या अज्ञान हो, संस्कार कर्म हो, विज्ञान चेतना हो, नाम भौतिक र आध्यात्मिक तत्वको सम्मिश्रण हो, षडायतन भनेको छ वटा इन्द्रियहरु हुन्, स्पर्श भनेको इन्द्रियहरुको सम्पर्क हो, वेदना सुख-दु :खको अनुभव हो, तृष्णा आसक्त रुप हो, विभिन्न विषयहरुको ग्रहण सामग्री उपादान हो, पुनर्जन्म भव हो, भवचक्रमा शरीर धारण गर्नु जाति हो र मृत्युको बुढेसकाल हो। यो सवै दुःखका यथार्थ कारणहरु हुन्।

तेस्रो आर्यसत्य अनुसार निवार्ण निश्चित छ । आत्मा अजर र अमर छ, राग , द्वेश र मोह मानिसका ठुला शत्रु हुन, ईश्वरको कल्पना बेकार हो र यो नै यथार्थ हो । चतुर्थ आर्यसत्यमा वताईएको छ - निर्वाण सत्य हो । निर्वाण प्राप्तिका अष्ठ मार्गहरु सत्य र यथार्थ हुन् । अष्ट मार्गहरु- सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाक, सम्यक् कर्मान्त, सम्यक् अजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि निर्वाण प्राप्तिका मार्गहरु हुन् र यी मार्गहरु शारीरिक, भाषिक र मानसिक क्रियासँग सम्वन्धित छन् । मानिसले सधैँ असल कार्यहरुको मात्र अनुसरण गर्नु पर्दछ । यी सवै बुद्ध दर्शनका यथार्थ दृष्टिकोण हुन्। बुद्धको मृत्यु पछि बौद्ध धर्म विभिन्न सम्प्रदायहरुमा आफ्नो कुलको गुरु पुरोहितको नेतृत्व वमोजिमका अनुयायी समुहमा विभाजन भयो । महायान, हीनयान, वज्रयान पछि आएको भगवान् भक्ति महायानले बुद्धलाई भगवान्को रुपमा मान्न थाले भने हीनयान सम्प्रदायले ईश्वरको रुपमा स्वीकार गरेका छैनन्। पछि विकास भएको तन्त्र लामा मत, बज्रयानमा तान्त्रिक माध्यम अपनाई बुद्ध धर्मको आफ्नै व्याख्या गर्‍यो, भने लामावादले पुनरजन्म (औतार) मा बिश्वास गरी अघि बढ्न थाल्यो। महायान र हीनयान बुद्धदर्शनका मुल सम्प्रदायहरु हुन्। आचार्य अश्वघोष, आचार्य नागार्जुन, आचार्य आर्यदेव, आचार्य शान्ति देव, आचार्य असङग, आचार्य बशुबन्धु, आचार्य दिङनाग, आचार्य धर्मकीर्ति, आदि बुद्ध दर्शनका प्रसिद्ध दार्शनिकहरु मानिन्छन्।

यी आधारभुत उपदेशहरुवाट बौद्ध धर्मको २ प्रमुख शाखाको प्रार्दुभाव भएको हो। हीनयान मुख्यतया दक्षिण एशियातिर फैलेर गयो, भने महायानका अनुयायीहरु तिव्वत-चीन तथा जापानतिर देखा परे । हीनयान शाखा विषयक वाङमय मुख्य पाली र केही प्राचीन भारतीय उपभाषाहरुमा प्राप्त छन भने महायान वाङमय संस्कृतको साथै चीन-तिव्वति जापानी भाषामा पाईन्छन्। बुद्ध निर्वाणको

*बाँकि ३ पेजमा*

# उच्च शिक्षामा विद्यार्थी

✍ ...
प्रकाश
पौडेल



शिक्षा

प्रवेशीका परीक्षाको परीक्षाफल प्रकाशितसँगै उच्च माध्यमिक तह पठन पाठन गराउने विद्यालयहरु जुर्मुराउन थालेका छन् । छापा माध्यम तथा विधुतिय माध्यमहरुबाट समुदाय सम्म आफ्नो प्रचार -प्रसार गराउन उच्च माध्यामिक विद्यालयहरु तल्लिन छन्। विशेष गरी प्रमुख दैनिक पत्रिकारहरुमा सुविधा सम्पन देखिने भवनको साथमा विज्ञापनहरु प्रकाशित भएको देखिन्छ । शिक्षा क्षेत्र प्रतिको बढ्दो लगानी भनै वा समयको माग र आवश्यकता देशमा उच्च माध्यामिक विद्यालयहरु निकै खुलेका छन् । यद्यपि प्राविधिक शिक्षालयहरु भने कमि नै देखिन्छ । सहर बजारमा खुलेका यस्ता शैक्षिक संस्थाहरु अनगिन्ती छन ग्रामिण समुदायमा पनि फुट्टफुट्ट खुल्न थालेका छन् । विद्यार्थीहरुलाई आफ्नै घर परिवारहरुको साथमा रहेर उच्च शिक्षा अध्यायन गर्ने वातावरण सिर्जना गर्न र गुणात्मक शिक्षा प्रदान गर्ने प्रकृया सहज गराउन गाउँठाउँमा उच्च माध्यामिक तहसम्म अध्यान गराउने सँस्थाहरु खुल्ने क्रम बढेको छ। जस अन्तरर्गत त्रिभुवन विश्व विद्यालयले प्रविणता प्रमाण पत्र तह स्तर हटाउने पटक पटक निर्णय गरेको छ र विद्यार्थी संघ संगठनहरुको दवावमा कार्यन्वयन हुन सकिराखेको छैन। विद्यार्थीको उच्च माध्यामिक सम्मको पहुँच गराउन आवश्यक प्रक्रिया नमिलाईकन प्रविणता प्रमाण पत्र तह हटाउन आफैमा वैज्ञानिक र वस्तुगत पनि देखिदैन ।

देशकै गोलमटोलको यो समयमा उच्च शिक्षाको प्रकृयामा आफुलाई सामेल गराउने हजारौ विद्यार्थीहरुको चाहनालाई सहजता प्रदान गर्न सक्नुपर्दछ । सर्वप्रथम त विद्यार्थीले आफुले अध्ययन गर्न चाहेको क्षेत्र र त्यस अन्तर्गतको विषय छनोट गर्नु अति आवश्यक छ। अध्ययनका विविध विषय र क्षेत्रको यथेस्ट जानाकारी लिई आफ्नो क्षमता र चाहना अनुरुपको विषय रोज्न सक्नु पर्दछ र अग्रजले उनीहरुलाई सहयोग गर्नुपर्छ। प्रवेशिका परीक्षाको प्राप्तांङकको आधारमा विषय र क्षेत्र रोजेका कयौ विधार्थीहरु आज अन्योलमा रुमल्लिएका छन् र उद्धेश्यप्राप्तीबाट विचल्लित भ्एका छन् । यो अत्यन्त मननयोग्य पक्ष हो । विद्यार्थीले तथा अभिभावकले शैक्षिक सँस्था छान्दा मुख्यतया त्यहाँ अध्यायन गराउने शिक्षक-शिक्षिकाहरुको अध्ययन गर्नुपर्छ । कार्यरत कर्मचारी तथा प्राध्यापकहरुको कार्यदक्षता, विषय-निपूणता, पेशाप्रतिको जिम्मेवारी तथा प्रशासनिक एकाई कति प्रभावकारी तवरले संचालन हुँदै आएको छ, विश्लेषण गर्नुपर्दछ। त्यस संस्थामा आर्थिक तथा बौद्धिक लगानी तथा चिन्तन गर्ने व्यक्तित्वहरुको पूर्ण अध्ययन जरुरी हुन्छ । यसका अलवा त्यस विद्यालयले विगत वर्षहरुमा ल्याएको नतिजा, ति सफल भएका विद्यार्थीहरुको विश्व बजारमा खपत तथा स्थान, विद्यालयहरुको भौतिक संरचना र अध्ययनको वातावरण, पुस्तकालय, खेलमैदान तथा आवश्यक प्रयोगात्मक कक्षाहरु, तिनीहरुले संचालन गर्ने अतिरिक्त क्रियाकलापहरुका साथै सृजनात्मक र वौद्धिक कार्यक्रमहरुको विश्लेषण जस्ता पक्षहरु महत्वपूर्ण हुन्छन् । विशेषगरी यि माथि उल्लेखित बुँदाहरुमा रहेर विद्यालयहरुको स्तर निर्धारण गर्न सकिन्छ।

अध्ययन गर्ने विद्यार्थीले सहज महसुस गर्ने अत्यन्तै मिलनसार र सहयोगी वातावरण भएको विद्यालयको खोजी गर्नु र त्यस्ता ठाउँमा आफ्ना छोरा-छोरी, भाई,वहिनी भर्ना गराई अगाडि बढ्न आत्मवल बढाउनु बाबु-आमा, दाजु, दिदी तथा शुभ-चिन्तकहरुको बुद्धिमानी हो। हचुवाको भरमा तथा हल्लाको भरमा अनि विज्ञापनको आकारको आधारमा अगाडि बढियो तथा बढ्ने प्रयास गरियो भने त्यो लाभप्रद नभई घातक हुन्छ, जसले विद्यार्थीको अध्ययनको समय मात्रै विगार्दैन कि यसले अध्ययन र विश्लेषणप्रतिको रुचि निमिट्यान्नै पारेर जीवन नै वर्वाद बनाउँछ। ठुलै संख्यामा विद्यार्थीहरु शहर गएपछि अन्योलमा परी कुलत, दुर्व्यसनीतर्फ लागेका घटनाहरु पनि प्रशस्त सुन्नमा आउने गरेका छन्। यसको समाधानको लागि हेरबिचार, ख्याल प्रेरणा, अनुगमन निरन्तर गरिनुपर्दछ। यस उमेर समुहका विद्यार्थीहरुको स्वभाव र विशेषतालाई गहिरिएर अध्ययन गर्ने हो भने अत्यन्तै चन्चले र अरुको कुराबाट एकदमै छिटो प्रभावित हुने हुन्छन्। जसले गर्दा मार्ग परिवर्तन गरेर अगाडि बढ्न पनि उनिहरुलाई कुनै समय लाग्दैन । यसको कारण हो उनीहरुमा घटना, विषयवस्तु तथा भविष्यलाई विश्लेषण गर्ने तथा उचित निर्णय गर्ने सक्षमता आइसकेको हुँदैन ।

विद्यार्थीको गुणात्मकता र शिक्षाको स्तरले सम्बन्धित भु-भाग तथा राज्यको सभ्यताको पहिचान दिने हुन्छ । सभ्य, समुन्नत र अनुशासित मानव जगत निर्माण गर्ने क्रमको यो उच्च माध्यमिक तहको अध्ययन अध्यापन समय सापेक्ष, व्यवहारिक र वैज्ञानिक बनाऔं । यो सबैको साझा माग हो र साझा जिम्मेवारी पनि ।

खुल्यो !भर्ना खुल्यो !!
Admission Open

# दोष अभिभावकको हो ।

*सानो छँदा र आफ्नो पक्ष तर्फ गरेको गल्तीमा हाँसीदिने र डाकछोप गरी बचाउने कार्य गर्दै जाने हो भने भविष्यमा तपाईका सन्तानले के गर्ला ?*

**..रीता लम्साल**

आमाबाबुको लागि आफ्नो छोराछोरी प्राण भन्दा पनि प्यारो हुन्छ । चाहे सन्तान जुनसुकै परिस्थितिमा किन नहोस् । हरेक अभिभावकको चाहना हुन्छ कि आफ्नो सन्तान राम्रो होस्, धेरै पढोस्, सबैले उसको प्रसङ्सा गरोस् यति सम्मकी राम्रो काम गरेर छोराछोरीले आफ्नो पहिचान समेत बढाओस् भन्ने आ्काङ्छा सबै अभिभावकहरुमा हुन्छ । त्यसैले सन्तानका लागि बाबुआमाले सकेसम्म दुःख गरीरहेका हुन्छन् । आफ्नो सन्तानको इच्छा, चाहनाहरुलाई पुरा गर्न हर सम्भव प्रयत्न गरिरहेका हुन्छन् । बुढेसकालमा पनि विदेश जान पछि पर्दैनन्, भाग कटाएर वा आफु भोकै रहेर पनि सन्तानका पेट भर्नका निमित्त लागिरहन्छन् । आफ्नो चाहना, रहर र खुसीलाई कुल्चीएर छोराछोरीको खुसीप्रति सर्मप्रीत भई, सन्तानको खुसीमा नै आफ्नो खुसी सम्झी सन्तानको एक खुसीमा आफ्नो सम्पूर्ण दुःखलाई बिर्सीदिन पनि पछि पर्दैनन् ।

सन्तानको भविष्य कस्तो बनाउने सम्पूर्ण जिम्मा आमा बाबुमा हुन्छ । जब बच्चा जन्मन्छ त्यसपछि जुन संस्कार घरमा दिईन्छ त्यहि संस्कार उसले सिक्दैजान्छ । सानो छँदा घरमा जे बोल्न सिकायो उसले त्यसपछिका भावि दिनमा त्यहि बोल्दै जान्छ । घरको स्थिती जस्तो छ जस्तो वातावरणमा ऊ हुर्किएको छ त्यही व्यवहार स्कुल, समाजमा देखाउँदै जान्छ । संगतले असल मान्छेलाई पनि विगार्छ र खराब मान्छेलाई पनि असल बनाउन सक्छ, अभिभावकहरुले आफ्ना छोराछोरीको सङ्गतप्रति विशेष ध्यानपुऱ्याउनु जरुरी हुन्छ । सानो उमेरमा गरेको गल्तीलाई डाकछोप गरिदिँदा भोली गएर त्यसको परिणाम ठुलो हुनसक्छ । छोराछोरीले सानै उमेरमा केही पैसा कमाएर ल्यायो भन्दैमा कसरी ल्यायो,कहाँबाट ल्यायो,र उसले पैसा कमाउने समय हो या पढ्ने यस्ता कुरामा विचार नगरी दङ्ग पर्दै पैसा हातमा लिने आमा बाबुले आफ्ना सन्तानलाई कुबाटोतिर घकेलिरहेका हुन्छन्, आज गरेको गल्तीलाई प्रोत्साहन दिँदा जीन्दगीभर पिरोलीनुपर्दछ ।

सन्तानको माया सबैलाई हुन्छ तर आफ्ना छोराछोरीले गरेको जिद्धि, हटको पछि लागेर उसको हरेक इच्छा पुऱ्याउनु गलत हो । दुई छाक भात खाएन भनेर उसलाई मोटरबाइक किनिदिनु, मुद्रा नलगाई स्कुल जान्न भनेर कानमा मुन्द्र लगाईदिनुले आज हाम्रो समाजमा दिनहुँ घटना दुर्घटनाको शिकार भईरहेका छन् हाम्रा दाजुभाईहरु । मोटरबाइक किनिदिने बेलामा आफ्ना छोराछोरीको क्षमता के हो ? उमेर कुन हो ? र उसले के गर्न सक्छ ? भन्ने ख्याल नगर्दा आज सन्तान विहिन हुनुपरेको छ । अभिभावकहरुले बिचार पुऱ्याउनुपर्ने कुरा के छ भने आज तपाईका छोराछोरीले तँपाइले भनेको मान्दैन, तँपाईलाई आदार, सम्मान गर्दैन, भने भोलीका तपाईँका छोराछोरीको भविष्य के होला ? कसले भनेको मान्ला ? सोच्नुत ! प्रोत्साहनले असम्भव कार्यलाई पनि सम्भव बनाउन सक्छ । छोराछोरीलाई राम्रा काम प्रति उत्पेरणा दिनुपर्छ तर उत्प्रेरणाको नाममा आवश्यकता भन्दा बाहिरको कुराप्रति उत्प्रेरित गराउनु उपयुक्त हुँदैन । हैसियत छ भन्दैमा SLC प्रथम वा विशिष्ट श्रेणीमा पास गरिस भने मोटरबाइक किनीदिउँला, वा राम्रो कपडा किनीदीउँला भन्नुको सट्टा डाक्टर, इन्जिनियर, वा कुनै राम्रो कलेजमा पढाउँछु राम्ररी पढ है भनेर किन भन्न सक्नुहुन्न ? अभिभावकको कमजोरीको कारणले गर्दा आज दिनानु दिन झगडा, हत्या, हिंसा बढ्दै गएको छ । अभिभावक नै सन्तानबाट डराउनु पर्ने वातावरण सृजना भएको छ के यो अभिभावकको कमजोरी होइन ? तँपाईका सन्तानले कतै समाजका अन्य व्यक्तीहरुलाई त समस्यामा पारिराखेको छैन विचार गर्नु है ?

यदि समयमा नै सन्तानको राम्रो हेरचाह र संस्कार दिन सकेनौं भने अभिभावक बन्नु र सन्तान जन्माउनुको कुनै अर्थ हुँदैन । सानो छँदा र आफ्नो पक्ष तर्फ गरेको गल्तीमा हाँसीदिने र डाकछोप गरी बचाउने कार्य गर्दै जाने हो भने भविष्यमा तपाईका सन्तानले के गर्ला ? तपाईको बुढापनको सारथीको रुपमा कस्तो काम गर्ला विचार गर्नु, यस्ता कार्यले जीवनको अन्तिम समयसम्म पछुताउनु बाहेक अरु केही बाँकी हुँदैन ।

त्यसैले सानैदेखि आफ्ना सन्तानप्रति सचेत भई उनिहरुको नराम्रो कार्यलाई उचित सजाए दिएर, नाजाएज हटलाई परिपूर्ति गर्नुको सट्टा सम्झाएर, बुझाएर राम्रा कार्यप्रति आकर्षित गरेर उनिहरुमा सकरात्मक सोचको विकाश गराई उनिहरुको दायित्व र कर्तव्यको बोध गराउनु हरेक अभिभावकको कर्तव्य र जिम्मेवारी हो । यदि सबै अभिभावकहरुले आफ्नो जिम्मेवारी पुरा गर्न सकेमा हाम्रो समाजमा हुने गरेको आतङ्क, हत्या, हिंसा, झै-झगडा आफै समाप्त हनेछ ।


# पासाङ ल्हामु कलेज

**गोंगबु, काठमाडौंमा** शैक्षिक सत्र २०६७/६८ का लागि कक्षा ११

भर्ना खुल्यो !



*धादिङका विद्यार्थीहरुलाई विशेष छुट*

*छात्राहरुको लागि विशेष सुविधा*

*भर्नामा SLC % को आधारमा १००% सम्म छुट*

सञ्चालित कार्यक्रमहरु

विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र संकायमा भर्ना खुल्यो ।

फोन : ४३६३०००, ४३८२६१७


## चित्रगुप्तको चक्षु

### पानीमै बङ्लङगै

एकदिन चित्रगुप्ता धादिङवेशी शहर घुम्दै थ्यो । अकस्मात मुसल्धारे पानी पऱ्यो । बजारमा कतै मुन्टो लुकाउन पाईन्छकी भनेर यसो हेर्दौ के थ्यो अगाडी सामुन्ने २०/२२ जनाको टोली पानीले निथ्रुक्क भएर मार्चपास गर्दै आएको देख्यो । चित्रगुप्ता खुसि पनि भयो पानीमा आफु मात्रै भिजेको भनेको त एतिका मान्छे पनि भिजेकाछन् । चित्रगुप्ताले मनमनै पानीलाई साधुवात पनि भन्यो ।पानी नपऱ्या हुदा किसानले रोपाई गर्न नपा वेला यत्रो ठुलो पानी पऱ्यो भनेर । हेर्दा हेर्दै चित्रगुप्ताले चक्षुमा झम्के पानीमा टल्याक र टुलुक के के हो के के चम्किन थाल्यो । एसो घेरिएर हेऱ्यात खुडा , खुकुरी अनि के के हो के के । त्यो देखेर चित्रगुप्ता बङ्लङगै पानिमै लड्यो । झेरी भोलीपल्ट चित्रगुप्ता कोठाभित्र आराम गरि राख्यो बाटोमा घाँघाँ र घुँघुँ ,ट्याँ ट्याँ र टुँ टुँ आवाजले झसङ्ग भयो एसो झ्यालबाट हेऱ्या त भटभटे नै भटभटे त्यसमा पनि तितिनजना चढेर जुलुस । चित्रगुप्ता दंग पऱ्यो । त्यति मात्र होर भटभटेमा चड्नेको हातमा रड, पाइप ,खुकुरी । यो देखेपछि चित्रगुप्ता फेरी ढल्यो । बेहोसीबाट विउँझे पछि चित्रगुप्तालाई छिमेकिले बतायो ।यो त राजनीति गर्ने नयाँ शैली हो । यो सुन्ने वित्तिकै चित्रगुप्ताले तीनछक खायो । धन्य हाम्रा राजनीतिककमीहरु अव विचार छोडेर वल र धनतिर मन डुलाएकोमा । अव पनि चित्रगुप्ता सधैंभरी यसरीनै सबैलाई बेहोस बनाएर बङ्लङ्ग ढल्ने बताइरहन सुझाव दिन्छ ।

## प्रकाश स्मृति पुरस्कार डा.अरुण बुढलाई

अथक मानवअधिकार योद्धा तथा इन्सेकका संस्थापक महासचिव स्व. प्रकाश काफ्लेको स्मृतिलाई चिर स्थायी राख्ने क्रममा इन्सेकले ०५१ सालमा काफ्लेको नाममा प्रकाश मानवअधिकार पुरस्कारको स्थापना गरेको हो। हरेक वर्ष मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यर त एकजना विशिष्ट व्यक्तिलाई प्रदान गरिने यो पुरस्कारमा नगद पचास हजार रूपैयाँ, सम्मान पत्र तथा इन्सेकको प्रतीक चिन्ह र हेको छ ।

प्रकाश मानवअधिकार पुरस्कार २०६६ बाट डडेल्धुराका २९ वर्षीय डा. अरुण बुढा सम्मानित हुदै हुनुहुन्छ। डडेल्धुरा जिल्लाको टीम अस्पतालमा कुष्ठरोग पीडित पिता रघुवीर बुढा र माता पार्वती बुढाको कोखबाट २०३७ साउन ३० गते जन्मिएका डा. अरुण बुढाको बाल्यकाल रोगीहरुको सामिप्यमा बितेको थियो । डडेल्धुराको श्री उग्रतारा माध्यमिक विद्यालयबाट एसएलसी र ललितपुरको पाटन बहुमुखी क्याम्पसबाट उनले आईएस्सी पास गरेका थिए । चीनको सियाङ जियाओ तोङ विश्वविद्यालयबाट एमबीबीएस गरी नेपाल फर्किएका यी कर्मयोगीले आफ्नो जन्मस्थल टीम अस्पताललाई नै साधनास्थलका रूपमा रोजेका छन्। यो पुरस्कारबाट सम्मानित हुने उहाँ १६औं व्यक्ति हुनुहुन्छ ।


# प्रतीक कम्प्यूटर मर्मत केन्द्र

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलबध छ ।



**तिलक क्षेत्री**

फोन: ९८४१६५६१११, ९७५१०९७७७८

धादिङबेसी बीचचबजार,

राष्ट्रिय वाणिज्य बैक संगैको तल्लो घर



# हामीलाई सम्झनुहोस

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. नारायणकुमार श्रेष्ठ

त्रिपुरा पुस्तक पसल धादिङ्वेसी

फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७

# हार्दिक श्रद्धाञ्जली



जन्मः१९९९।०५।१४ मृत्यु २०६७।०३।१२

स्व. गोविन्दप्रसाद अधिकारी

मेरा पति **गोविन्दप्रसाद अधिकारी** ब्रम्हलीन हुनु भएकोमा दिवांगत आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा हामी प्रति सहानुभुति तथा समवेदना प्रकट गर्नुहुने ईष्टमित्र तथा समस्त शुभचिन्तकहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**पत्नी : तिलकुमारी अधिकारी**

छोरा/बुहारी
प्रदिप अधिकारी/कृष्ण अधिकारी
ई.हरिकृष्ण अधिकारी

छोरी ज्वाँई
कुन्ती आर्चाय/वामदेम आर्चाय
सावित्री रिमाल/ई.तेजप्रसाद रिमाल
देवी अर्याल/डा.ओमप्रसाद अर्याल

नाति/नातिनीहरु
बसन्त आचार्य,हेमन्त आचार्य,वन्दना आचार्य,
पकृति रिमाल,प्रनिश अधिकारी,नोवल रिमाल,
रशिक अधिकारी, ओजश्वी आचार्य

**तथा**
**सम्पूर्ण अधिकारी परिवार**

# हार्दिक बधाई तथा शुभकामना

२०६६ सालको


Lokendra


s a g a r


Niranjan


yusuf


N a b i n




P a w a n


S a n g i t a


N i s h a


Md.Kurban


J a y R a m


S u s h m i t a


B a s a n t a


Kritina


Puspalal


Late Anjana


Jagannath




Rubina


B i k a s h

**धुबलाल**

एवं धुनिबेसी इङ्लिस बोर्डिङ स्कूल

## चित्रगुप्तको चक्षु

s u r a j


Anju Bhandari


## प्र... कम्प्यूटर ... केन्द्र

यहाँ हरेक किसिमका कम्प्युटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ ।



**तिलक क्षेत्री**

फोनः ९८४१६५६१११, ९७५१०९७७७८

S u d e e p

धादिङबेसी बीचबजार, राष्ट्रिय वाणिज्य बैंक संगैको तल्लो घर

## हामीलाई सम्झनुहोस

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामान, मोबाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. नारायणकुमार श्रेष्ठ

**त्रिपुरा पुस्तक पसल धादिङवेसी**

फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७


**गोपाल**

पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।


**धादिङ आवाज साप्ताहिक**

नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,

Email : dhadingvoice@gmail.com, web: dhadingawaj.com.np